अनुसूची १

<u>करारमा लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण</u>

(दफा ६(१) सँग सम्बन्धित)

१) स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालनमा सहयोग गर्ने ।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३) पालिका अन्तर्गत संचालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु निर्धारित ढाँचामा सम्बन्धित निकायमा संप्रेषण गर्न सहयोग गर्ने।

४) पालिकालाई किसान सूचीकरण, कृषि तथ्याँक अध्यावधिक गर्ने।

५) बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिका स्तरिय कृषि प्रोफाइल तयार गर्ने।

६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

७) आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८) कृषि विमा र सहुलियत कृषि कर्जाका लागि सहजिकरण गर्ने ।

९) संघ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।

१०)अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि पालिकका कृषक समुदायमा प्रचार प्रसार गर्ने ।

११)पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२)स्थानीय महत्वयका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३)कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४)पालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

डा. दीपक कुमार खराल
सचिव

सचिव